नगर कार्यपालिकाको
बैठक संख्या: ४२, २०७९-२०८४
मिति २०८१/०१/३० को
निर्णय प्रमाणित ..........

# कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ४२, २०७९-२०८४)

मिति : २०८१ बैशाख ३० गते

निर्णयहरु:

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दिगो, उत्थानशील र समावेशी विकासको सिद्धान्तमा आधारित स्थानीय पूर्वाधार विकास तथा सेवा प्रवाहमा स्थानीय तहहरुलाई सहयोग गर्ने उद्देश्यले बेलायत सरकारको आर्थिक सहायतमा सञ्चालित स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) मा सहभागिताका लागि लागत साझेदारी सहित देहायको प्रतिबद्धता सहितको आशय पत्र पेश गर्ने ।

क. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सँगको सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रकृया अवलम्बन गरी स्थानीय पूर्वधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने ।

ख. स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएको तरिका, साधन/विधि अवलम्बन् गर्ने ।

ग. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सहलगानीलाइ समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्ने र खर्चको लेखाजोखा SUTRA लेखापरीक्षण मार्फत गर्ने ।

घ. वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सहलगानीको लागि देहाय बमोजिमको रकम विनियोजन गर्ने

अ. ग्रामीण सडक सुधार/पुनर्स्थापना सम्बन्धी आयोजनामा २० देखि ४० प्रतिशत

आ. खानेपानी तथा सरसफाइ भवन मर्मत सम्बन्धी आयोजनामा ४० प्रतिशत

इ. विपद जोखिम न्युनीकरण, जलवायु उत्थानशील र वैकल्पिक उर्जा सम्बन्धी आयोजनामा २० प्रतिशत

ङ. पूर्वाधार सेवा तथा मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तर्जुमा गर्ने ।

च. स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयारी तथा अद्यावधिक गर्ने र सो को जानकारीका आधारमा स्थानीय पूर्वाधार मर्मत सम्भारको योजना र बजेट तर्जुमा गर्ने ।

३. यस नगरपालिकाको कक्षा ८ को पूरक परीक्षाको नतिजा प्रकाशनका लागि बसेको परीक्षा समिति को मिति २०८१/०१/२४ गतेको निर्णयहरु अनुमोदन गर्ने । उक्त परीक्षा सञ्चालनका लागि पेश भएको प्रस्तावना अनुसारको खर्च प्रस्ताव परीक्षा आवेदन शुल्क बापत प्राप्त भएको रकमबाट नपुग हुने रकम योजना किताबको सि.नं ४७९ विद्यालयमा आधारित साहित्य, विज्ञान, संगीत

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

तथा मौलिक कला प्रदर्शनी शीर्षकमा विनियोजन भएको रकमबाट रु २ लाख ५० हजार खर्च गर्ने गरी निर्देशन दिने ।

४. यस नगरपालिका अन्तर्गत रहेका नगर अस्पताल, नगर स्वास्थ्य प्रबर्धन केन्द्र एवं स्वास्थ्य केन्द्रहरुका लागि अत्यावश्यक औषधीहरु खरिदका लागि उक्त शीर्षकमा बिनियोजित रकमबाट अपुग हुने देखिएकोले नपुग रकमको हकमा कोहलपुर नगरपालिकाको योजना किताबको सि.नं ५१२ कोभिड १९ रोग र अन्य महामारी रोकथाम, नियन्त्रण र व्यवस्थापन, सि.नं ५२० नगर अस्पताल तथा नगर स्वास्थ्य पवर्द्धन केन्द्रका लगि ल्याब उपकरण र रिएजेन्ट खरिद र सि.नं ५३५ सुनौला हजार दिन अन्तर्गतका विपन्न वर्गका गर्भवती महिलालाई उपमेयर कोशेली कार्यक्रम अन्तर्गत बाँकी रहेको रकमबाट भुक्तानी गर्ने गरी भएको मिति २०८१/०१/२८ गतेको निर्णय अनुमोदन गरी साबिकमा बोलपत्रका माध्यमबाट खरिद गरिएको अङ्क बमोजिम बोलपत्रदाताबाटै खरिदका लागि स्वीकृति प्रदान गर्ने ।

५. यस नगरपालिका अन्तर्गत सञ्चालित देहायका योजनाहरुमा देहाय बमोजिम गर्ने ।

क) कोहलपुर नगरपालिका अन्तर्गतको कोहलपुर डिजिटाईजेशन कार्यक्रमको म्याद २०८० साल चैत्र मसान्तसम्म भएकोले योजना सम्बन्धी कार्यका कारण पोल सार्नुपर्नेमा सो कार्य सम्पन्न नभई सो कार्यक्रम सम्पन्न गर्न समय लागेकोले म्याद थपका लागि मिति २०८०/१२/०७ गतेको पेश गरेको निवेदन सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिमको निर्धारित समयमै प्राप्त भएको र नेपाल सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानीकरण र राजश्व बाँडफाँटको रकम पुरा प्राप्त नभएको कारणले कार्यालयमा परेको भुक्तानी दबाब समेतको विश्लेषण गरी उक्त योजनाको म्याद २०८१ असार १५ गतेसम्मका लागि थप गर्न निर्देशन दिने ।

ख) कोहलपुर नगरपालिका अन्तर्गतको ठेक्का नं BANKE/KOMUN/W/NCB-07/2080/081 को डुडुवा खोला तटबन्धन योजनाको काम कार्य सम्पन्नताका लागि बाँके राष्ट्रिय निकुञ्जबाट अनुमति प्रदान गर्न ढिलाई भएका कारण उक्त योजनाका लागि सम्पन्न गर्न तोकिएको निर्धारित समय २०८१ बैशाख ३० गतेसम्म सम्पन्न हुने अवस्था नदेखिएको भनी खुशी बिल्डर्सको तर्फबाट पेश भएको निवेदन हेर्दा व्यहोरा मनासिब देखिएकोले उक्त योजनाको म्याद २०८१ असार १५ गते सम्मका लागि थप गर्न निर्देशन दिने ।

ग) कोहलपुर नगरपालिका अन्तर्गतको ठेक्का नं BANKE/KOMUN/W/NCB-04/2078/079 को विभिन्न वडा अन्तर्गतका पीच सडकहरु मर्मत गर्ने योजनाको म्याद चौधौं नगरसभाको निर्णय अनुसार २०८० साल पौष मसान्तसम्म थप गरिएकोमा हाल लागत अनुमान बमोजिमका सडकहरु पूर्ण रुपमा पीच भैसकेको र केही स्थानहरुमा साबिक लागत अनुमान बमोजिमका काम गर्न सकिने अवस्था नदेखिएका कारण लागत अनुमान बमोजिमको साइट उपलब्ध गराउन सकिने अवस्था नदेखिएको र सो ठाउँमा काम गर्दा सरकारी स्रोतको सदुपयोग हुने अवस्था नदेखिएकाले बोलपत्रदाताले नगरपालिकालाई उक्त योजनाको कुनै पेश्की वा दायित्व

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

तिर्नुपर्ने भए सो तिर्न लगाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२७ बमोजिम सम्झौता अन्त्य गर्न निर्देशन दिने ।

६. श्री जन चेतना आधारभूत विद्यालय, कोहलपुर ४, गोहवा, बाँकेले विद्यालयको १ कोठे कच्ची भवन जिर्ण अवस्थामा रहेको जुनसुकै बेला भत्किन सक्ने, बालबालिकालाई जोखिममा पर्ने प्रबल सम्भावना रहेकाले उक्त भवन भत्काउनका लागी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई अनुमति माग गरेकोमा उक्त जीर्ण भवन भत्काउन अनुमती दिने ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको निर्देशक समितिको मिति २०८१ बैशाख २५ गतेको बैठकको निर्णय देहाय बमोजिम हुने गरी अनुमोदन गर्ने ।
   क. छनौट गरिएका पूर्वाधारका योजनाहरु स्वीकृत गरी नेपाल सरकारको स्रोतबाट खर्च लेख्ने गरी कार्यान्वयन गर्ने ।
   ख. हाल रोजगार संयोजकको पद रिक्त रहेका कारण रोजगार सहायक श्री शिवा परियारलाई रोजगार संयोजकको जिम्मेवारी दिई पूर्वाधार तर्फका योजनाहरुको सम्झौताको कार्य गर्ने गरी अधिकार प्रत्यायोजन गर्न निर्देशन दिने ।
   ग. योजना कार्यान्वयनमा बेरोजगार व्यक्तिहरुको सूचीमा सूचीकृत व्यक्तिहरुलाई वडा कार्यालयको समन्वयमा खटाउने गरी नियमानुसारको प्रकृया पूरा गरी २०८१ असार १५ गतेभित्र योजना सम्पन्न गर्ने गरी आवश्यक प्रबन्ध मिलाउन रोजगार सेवा केन्द्रलाई निर्देशन दिने र काम गरेको दिन गणना गरी सोही बमोजिम निर्धारित रकम भुक्तानीका लागि पेश गर्न निर्देशन दिने ।

८. यस नगरपालिका अन्तर्गत नगर अस्पतालमा करारमा कार्यरत मेडिकल अधिकृत कर्मचारीले व्यक्तिगत कारण देखाई पेश गरेको राजीनामा स्वीकृत गरेको कार्यलाई अनुमोदन गरी उक्त पदमा कोहलपुर नगरपालिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम हुने गरी पदपूर्ति गर्ने ।

९. कोहलपुर नगरपालिका क्षेत्रभित्रको फोहर संकलन/ व्यवस्थापन सम्बन्धमा नगरपालिका र जटायु रिसाईक्लर्स प्रा.लि. बिच ठेक्का सम्झौता भई फोहर संकलन भईरहेकोमा फोहरमैला व्यवस्थापनमा देखिएका समस्या र समाधानका लागि सुझाव पेश गर्न गठित समितिको प्रतिवेदन बैठकमा पेश भयो। उक्त प्रतिबेदनबाट औंल्याइएका सुझावहरु क्रमशः कार्यान्वयन गर्दै लैजाने।

१०. कोहलपुर नगरपालिकाको सार्वजनिक स्थान एवं सडक क्षेत्रमा लगाईएका रुख बिरुवाहरुको संरक्षण गर्नुपर्नेमा कतिपय व्यक्ति/ समुह/ संस्थाबाट लापरवाही वा गैरजिम्मेवारीपूर्ण तरिकाले बिरुवा भाँच्ने, मास्ने वा क्षति पुर्याउने गरेको देखिएकोले यस्तो कार्यमा संलग्न व्यक्ति वा निकायलाई कसुरको मात्रा अनुसार रु.१०,०००।- देखि रु.५०,०००।- सम्म जरिवाना गर्ने ।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

११. कोहलपुर नगरपालिका अन्तर्गतका विभिन्न स्थानहरुमा केही घरधनीहरुले शौचालयबाट निस्कने दिसाजन्य लेदो पदार्थलाई सेफ्टी ट्याङ्कीमा जम्मा गर्नुपर्नेमा सिधै पानी निकासका लागि निर्माण गरिएका नालीमा मिसाउने गरेको भन्ने गुनासो आउने गरेको अवस्था समेतलाई दृष्टिगत गरी अनुगमनको क्रममा यसरी शौचालयबाट निस्किने ढललाई त्यसरी नालीमा मिसाउने गरेको पाईएमा त्यस्तो कार्यमा संलग्न घरधनीलाई रु २५ हजार देखि ५० हजारसम्म जरिवाना गर्ने ।

१२. कोहलपुर नगरपालिका कर्णाली प्रदेश र अन्य प्रदेशहरुको प्रवेश विन्दु समेत रहेको यस स्थानमा प्रादेशिक अस्पताल बन्दा सो क्षेत्रका धेरै बिरामी लाभान्वित हुने अवस्था समेत देखिएकोले कोहलपुर नगरपालिका अन्तर्गतको नगर अस्पतालाई प्रादेशिक अस्पतालका रुपमा स्तरोन्नति गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेशमा अनुरोध गर्ने ।

१३. कोहलपुर नगरपालिका आर्थिक विकास समितिको मिति २०८१ बैशाख २८ गतेको निर्णय अनुमोदन गरियो ।

१४. कोहलपुर नगरपालिकाको विद्यालय स्थापना, कक्षा थप, स्थानान्तरण र समायोजन कार्यबिधि, २०७८ खारेज गर्ने ।

१५. सशस्त्र प्रहरी बल नेपाल, नं. ५ बिन्ध्यावासिनी बाहिनी मूख्यालय, रुपन्देहीको हाल बाँके जिल्लाको नौबस्तामा सञ्चालित ए.पि.एफ. अस्पताल जनघनत्व एवं यातायात सुबिधाको हिसाबले अपायक रहेकाले कोहलपुर नगरपालिकाको राजमार्ग आसपास क्षेत्रमा सरकारी जग्गा उपलब्धताका लागि पत्र प्राप्त भएकोमा १२ नं. वडाको सर्बदलीय बैठकबाट निर्णय समेत भई आएकाले १२ नं. वडा कार्यालय परिसरमा रहेको १०(दस) कठ्ठा जग्गा उपलब्ध गराउने अनुमतिका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

१६. यस नगरपालिका अन्तर्गत १५ वटै वडाका बडघरहरुका लागि कानूनी मेलमिलाप सम्बन्धी अभिमुखीकरण तालिमका लागि सम विकासका लागि सामाजिक अभियान, कोहलपुर बाँकेको प्रस्तावना पेश भएकोमा उक्त अभिमुखिकरण तालिम सञ्चालनका लागि चालु आ.ब. मा बिनियोजित सि.नं. ८३ न्यायिक समिति शीर्षकबाट रु.२(दुई) लाख उपलब्ध गराउने ।

१७. यस नगरपालिकाको चालु आ.ब. २०८०/०८१ को मिति २०८०/१२/०२ र ०३ गते सम्पन्न अर्धवार्षिक समिक्षा कार्यक्रममा भएको खर्च रकम रु.१,१२,७७४। भैपरी चालु खर्च शीर्षकबाट भूक्तानी गर्ने ।

१८. कोहलपुर नगरपालिका नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, कोहलपुर १३ सिमरी, बाँकेको भौतिक पुर्वाधार विकास अन्तर्गत ३(तीन) कोठे पक्की भवन र २(दुई) कोठे पक्की शौचालय निर्माणका लागि कोहलपुर नगरपालिकाको तर्फबाट रु.९,००,०००।(नौ लाख) समपुरक कोषबाट उपलब्ध गराउने ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४२, २०७९-२०८४
मिति २०८१/०१/३० को
निर्णय प्रमाणित ........

१९. यस नगरपालिका अन्तर्गत स्वास्थ्य शाखामा कार्यरत बरिष्ठ अस्पताल नर्सिङ अधिकृत (सातौं तह) श्री शोभा अधिकारी (क.सं.नं. १७६३४१) ले वैदेशिक अध्ययन कार्यक्रममा सहभागि हुनका लागि पूर्व स्वीकृतिका लागि निवेदन पेश गरेकोमा निजलाई माग बमोजिमको अध्ययन कार्यक्रममा आवेदनका लागि पूर्व स्वीकृति प्रदान गर्ने ।

२०. कोहलपुर नगरपालिकाको आवास, खानेपानी तथा सरसफाई घुम्ती कोष, २०८० बमोजिम गठित समितिको मिति २०८१ बैशाख २१ गते को बैठकका निर्णयहरु अनुमोदन गर्ने । र उक्त कार्यक्रम अन्तर्गतको निर्धारित कार्यका लागि समितिको सिफारिश बमोजिमका लाल बहादुर बुढाथोकीको सेवालाई २०८१ जेठ १ गते देखि लागु हुने गरी ६ महिनाका लागि करारमा लिन निर्देशन दिने ।

२१. कोहलपुर बसपार्क व्यवस्थापन समितिको मिति २०८१/०१/०९ र २०८१/०१/२२ गतेका निर्णयहरु अनुमोदन गर्ने ।

२२. यस नगरपालिकाको ठेक्का नं. BANKE/KOMUN/G/SQ-03/080/81 मा स्वर्गद्वारी ग्रिल उद्योगले पेश गरेको ठेक्का निवेदन बदर भएकोमा निजले धरौटी वापतको रकम धरौटी खातामा जम्मा हुनुपर्नेमा भूलवश राजस्व खातामा दाखिला हुन गएकाले निजको उक्त धरौटी वापतको रकम फिर्ता दिने ।

२३. कोहलपुर नगरपालिका वडा नं. ११ स्थित कोहलपुर माध्यमिक विद्यालय सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालय भएकाले उक्त विद्यालयले विद्यार्थीहरुको सहजताको लागि बस खरिद गर्दा लाग्ने भन्सार शुल्कमा १% भन्सार शुल्क लिई अन्य सम्पूर्ण कर छुट गरिदिनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

२४. कोहलपुर नगरपालिका ११औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा भएको रु ६ लाख ८५ हजार रुपैयाँको खर्च अनुमोदन गरी नगरपालिका स्थापना दिवस तथा अन्य दिवसीय कार्यक्रमबाट भुक्तानी दिने ।

२५. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपा काभ्रे अन्तर्गतको प्रदेश पुनर्स्थापना केन्द्र कोहलपुर १५ बाँके अकलघरवाले सहायक सामाग्री उत्पादन गरी अस्थायी कार्यशाला विस्तार (निर्माण) गर्ने सहमतीका लागि पेश गरेको निवेदन बमोजिम नगर स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८१/०१/२६ गतेको निर्णयानुसार सेवा विस्तारका लागि तीन कोठाको अस्थायी कार्यशाला भवन निर्माण गर्न अनुमती प्रदान गर्न सिफारिश सहित कोहलपुर नगरपालिका १५ नं वडा कार्यालयबाट सिफारिश समेत प्राप्त हुन आएकोले सिफारिश बमोजिम तीन कोठाको अस्थायी कार्यशाला भवन निर्माण गर्न अनुमती प्रदान गर्न निर्देशन दिने ।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४२, २०७९-२०८४
मिति २०८१/०१/३० को
निर्णय प्रमाणित ..............

२६. शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विषयमा प्राप्त उजुरीका सम्बन्धमा छानबीन गरी कानून बमोजिम आवश्यक कारवाही गर्न शिक्षा तथा खेलकुद शाखालाई निर्देशन दिने ।

२७. चालु आ.ब. २०८०/०८१ को शाखा एवं वडातर्फको सिलिङ्बाट छनौट गरिएका देहायका योजनाहरुको बाँडफाँटका लागि वडा समितिबाट २०८०/१२/०९ गते निर्णय भै आएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने।

| वडा नं. ५(वडा समितिको मिति २०८०/१२/०९ को निर्णय बमोजिम) | | | |
|---|---|---|---|
| साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | वडा समिती निर्णय |
| विविध तथा भैपरी आउने योजना रु.७,००,०००।- (सि.नं. २७०) मध्येबाट | पर्यटन बोर्डदेखि पश्चिम सडक पक्की नाली निर्माण | १,५०,००० | रकम थप सि.नं. २६१ मा |
| | रझेना सिद्धार्थ मा.बि. कम्पाउण्डदेखि उत्तर सडक पक्की नाली निर्माण | २,००,००० | रकम थप सि.नं. २६५ मा |
| स्वास्थ्य, शिक्षा र खेलकुद रु.५,००,०००।– (सि.नं. २५५) मध्येबाट | सिद्धार्थ मा.बि. रझेनामा फर्निचर र खेलकुद सामाग्री खरिद | २,५०,००० | |
| | प्रभात बाल विकास केन्द्र र शितल बाल विकास केन्द्र शान्तिनगर, बाँकेलाई खेलकुद सामाग्री खरिद | ५०,००० | |

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत